बागमती प्रदेश सरकार

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

# प्रदेश पर्यटन कार्यालय

पत्र सङ्ख्या: २०८३।०८४
च.नं. : ......................

बबरमहल, काठमाडौं

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना।

(प्रकाशित मिति: २०८३।०४।०१)

यस कार्यालयका लागि आ.व. २०८३/८४ मा आवश्यक पर्ने निम्नानुसारका मालसामान तथा सेवा उपलब्ध गराउन ईच्छुक इजाजत प्राप्त दर्तावाल व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवाप्रदायकबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ताका लागि सोही नियामवलीको अनुसूची - २क. बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। आफूले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रीत नपुगी आएका निवेदकलाई मान्यता दिईने छैन। प्राप्त हुन आएका दरखास्तहरू सुचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

### तपसिल

| (क) खरिद तथा आपूर्ति | (ख) मर्मत तर्फ |
|---|---|
| १. कार्यालय सामान, स्टेशनरी तथा मसलन्द | १. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, प्रोजेक्टर, सि.सि.टि.भि. आदि इलेक्ट्रोनिक्स सामान मर्मत सम्बन्धी कार्य |
| २. छपाई सम्बन्धी कार्यहरू | २. सवारी साधन (दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे) मर्मत |
| ३. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी कार्यहरू | ३. दराज, कुर्सी, टेवल लगायत फर्निचर मर्मत कार्य |
| ४. ईलेक्ट्रोनिक्स उपकरणहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, स्क्यानिङ्ग मेसिन, प्रोजेक्टर, सि.सि.टि.भि. आदि) | ४. कार्यालय भवन मर्मत तथा निर्माण सम्बन्धी कार्यहरू |
| ५. विज्ञापन तथा सूचना प्रकाशन, प्रसारण तथा प्रचार प्रसार | ५. विद्युतीय सामानहरू (वायरिङ्ग, पंखा, हिटर आदि) मर्मत कार्य |
| ६. विद्युतीय सामान खरिद तथा आपूर्ति | ६. धारा बाथरूम मर्मत सम्बन्धी कार्य |
| ७. मोटरसाइकल, स्कुटर खरिद तथा आपूर्ति | (ग) सेवा तथा परामर्श सेवा तर्फ |
| ८. कार्यालय सरसफाईका फुटकर सामानहरू | १. परामर्श सेवा (अध्ययन, सर्वेक्षण, अनुसन्धान) |
| ९. विभिन्न मेशिनरी सामानहरू तथा त्यसका पार्टपुर्जाहरू | २. ईन्टरनेट सेवा |
| १०. जारको पिउने पानी/ बोतलको पिउने पानी | ३. श्रव्य दृश्य निर्माण, प्रकाशन तथा प्रसारण |
| ११. धारा बाथरूमको हार्डवेयर सामान तथा फिटिङ्ग | ४. रेडियो मार्फत सूचना प्रचार तथा प्रसारण |
| | ५. सफ्टवयर निर्माण तथा आपूर्ति सम्बन्धी सेवा |
| | ६. कार्यालय सुरक्षा तथा सरसफाई |

### निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू

१. संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको छायाँप्रति

२. स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँप्रति

३. मू.अ.क. दर्ताको प्रमाणपत्रको छायाँप्रति (मू.अ.क. मा दर्ता हुनेको हकमा मात्र)

४. आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति

५. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्वं घोषणा निवेदन

६. आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्रको छायाँप्रति

२०८३/०४/०१

पर्यटन अधिकृत